# बटेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

## आ.ब.२०८२/०८३को नीति कार्यक्रम तथा बजेट वक्तव्य

बटेश्वर गाउँपालिका

बटेश्वर, धनुषा

मधेश प्रदेश,नेपाल



CamScanner

# बटेश्वर गाउँपालिकाको
# १२ औं नीति तथा कार्यक्रम

**बटेश्वर गाउपालिका गाउँपालिका उपाध्यक्ष श्री फुल कुमारी सिंह ज्यूबाट प्रस्तुत**

***आ.ब. २०८२।०८३ को लागि प्रस्तुत नीति तथा कार्यक्रम तथा बजेट***

***प्रस्तुत तथा पारित मिति २०८२।०३/१० गते***

बटेश्वर गाउँपालिकाको सम्मानित १२ औं नीति तथा कार्यक्रम प्रस्तुतिकरण समारोहमा गाउँसभा अध्यक्षको रुपमा पाल्नुभएका,यस बटेश्वर गाउँपालिकाको गाउँपालिका अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू ,प्रमुख प्रशासकीय अधिकृत ज्यू,वडा अध्यक्षज्यूहरु लगायत सम्पूर्ण सभा सदस्य ज्यूहरु,बटेश्वर गाउँपालिकाका उपस्थित सम्पूर्ण राजनितिक पार्टीका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु,पत्रकार महोदय ज्युहरु,सम्पुर्ण गाउँ बासी लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा बटेश्वर गाउँपालिका र म आफ्नो तर्फबाट यहाँहरु लाई हार्दिक स्वागत गर्दै अभिननदन गर्न चाहन्छु ।

सर्वप्रथम सम्मानित १२ औं नीति तथा कार्यक्रम प्रस्तुतिकरण समारोह समक्ष आ.ब. २०८२|०८३ को वार्षिक नीति कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभामा यहाँहरु माझ उभिइ रहँदा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रको प्राप्ति र त्यसैको जगमा समृद्ध राष्ट्र जनआन्दोलन, मधेश आन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा जीवन आहूती गर्ने ती महान ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु । जन आन्दोलन,मधेश आन्दोलन लगायत विभिन्न आन्दोलनका क्रममा घाइते भएका, वेपता पारिएका लगायतका योद्धाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दै शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

जनताका सबैभन्दा नजिकको सरकार स्थानीय सरकार भएको, स्थानीय स्तरका जनताको अधिकत्तम हितलाई सम्बोधन गर्न स्थानिय स्रोत साधनको अधिकतम प्रयोग गर्दै स्थानीय प्रजातन्त्रको सुदृढीकरण गर्ने, लोकतन्त्रका लाभहरुको वितरण गर्दै सशक्तिकरण, समावेशीकरण मार्फत मुल प्रवाहीकरण गर्ने, स्थानीय शासनको वैधता स्थापित गर्दै समावेशी विकास मार्फत दिगो विकासका लक्ष्य प्राप्त गर्नु नै आजको अवसर लक्ष्य तथा चुनौती हो । वास्तवमा स्थानीय सरकारहरु जनप्रतिनिधीमुलक संस्थाहरु हुन् । आपसी सहयोग, सहमति, सद्भाव,समन्वय र सहकार्यका माध्यमबाट गाउँपालिकाका विविध गतिविधि सञ्चालन गर्ने निर्दिष्ट नीति अनुरुप गाउँपालिका स्थित सभा सदस्यहरुबाट निरन्तर रुपमा प्राप्त सल्लाह, सुझाव, मार्गदर्शन र सहयोग प्रति म यस शुभ अवसरमा अत्यन्तै हार्दिकतापूर्वक धन्यवाद दिन चाहन्छु । भविष्यमा पनि यस्तै प्रकारको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास यस सम्मानित समारोह समक्ष व्यक्त गर्न चाहन्छु।

सहभागितामूलक योजना तर्जुमा पद्धती अन्तर्गत विकासका आवश्यकता पहिचान देखि कार्यान्वयन, अनुगमन, मूल्यांङ्कन समेतका हरेक प्रकृया तथा तहमा सरोकारावाला वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै अपनत्व सृजना गर्ने र यसै मार्फत विकास कार्यलाई सन्तुलित एवं समावेशी तथा दिगो



CamScanner

बनाउने अवधारणा अनुरुप वडावासी एवम् सरोकारवालाको व्यापक सहभागितामा वडास्तरीय योजना तर्जुमा गोष्ठी, विषयगत समिति एवं एकिकृत योजना तर्जुमा गोष्ठीमा सम्बद्ध सबै सँग व्यापक अन्तर्क्रिया र छलफल गरी प्राप्त सुझावहरुलाई समावेश गर्दै आर्थिक वर्ष २०८२/०८३ को नितिहरु यहाँहरु समक्ष प्रस्तुत गर्न उपस्थित भएको छु ।

**उपस्थित महानुभावहरु :**

अव म आर्थिक वर्ष २०८२।०८३को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका नीतिगत मार्गदर्शनको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

अगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संबिधानमा उल्लेखित नागरिकका मैलिक हक, राज्यका निर्देशक सिद्धान्त, निति तथा बजेट संघीय सरकारको निति तथा कार्यक्रम प्रदेश सरकारको निति तथा कार्यक्रम पूर्व बजेट छलफलका क्रममा प्राप्त हुन आएका रचनात्मक सुझावहरु सोहौं आवधिक योजना,विनियोजन विधेयक, गाउँ सभा सदस्यहरुबाट प्राप्त सुझावहरु तथा संघीय तथा प्रदेश सरकारको आ.व. २०८२।२०८३ को बजेट बक्तव्यमा उल्लेखित महत्व पूर्ण कार्यक्रमहरुलाई यो बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु । साथै यो अधिवेशन अवधिभर सभा सदस्यज्यूहरुबाट समय समयमा छलफलबाट प्राप्त हुने सर सल्लाह एवं सुझावहरु समेत निति तथा कार्यक्रममा समावेश गर्नेछु भनी प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु।

## बटेश्वर गाउँपालिकाले अवलम्बन गरेका नितिहरु:

### क) आर्थिक विकास सम्बन्धि नीतिहरु:

### १. कृषि तथा पशु विकास सम्बन्धि नीतिहरु:

१.१. कृषि क्षत्रलाई व्यबसायीक माध्यमको रुपमा विकास गर्न कृषिको आधुनिकीकरण गर्ने नीति अबलम्वन गरिनेछ ।

१.२.कृषि पकेट क्षेत्रको रुपमा यस गाउँपालिका क्षेत्रलाई विकास गर्दै धान, गहुँ, र मौसमी तथा बेमौसमी तरकारी तथा फलफुल उत्पादन बृद्धिमा जोड दिइनेछ ।

१.३. कृषक समुह, कृषि सहकारिताको माध्यमबाट व्यवसायिक कृषि उत्पादकत्व वृद्धि गर्न माछापालन,कुखुरापालन लगायतका कार्यलाई प्रोत्साहीत गर्न अनुदानका कार्यक्रम संचालन गरिनेछ।

१.४. पशु विमाको प्रवर्द्धन गरि व्यवसायीक पशुपालन तर्फ प्रोत्साहन गरिनेछ।

१.५ कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्र कोल्ड स्टोर, **निर्माण कार्यलाई** उच्च प्राथमिकता दिईनेछ।

१.६ अर्ग्यानीक खेतीलाई प्रोत्साहन गर्न विषादिमुक्त खेती कार्यक्रमलाई प्रोत्साहन गर्दै **"बिषादि मुक्त बटेश्वर"** अभियान संचालन गरिनेछ।

१.७ गाउँपालिकाक्षेत्र भित्रका एग्रोभेटको पहलमा हानीकारक विषादी विक्रि वितरणमा रोक लगाइनेछ।



CamScanner

१.८पशुजन्य उत्पादन प्रवर्धनको लागि नश्ल सुधार कृतिम गर्भधान,पशु आहार प्रवर्धन र पशुजन्य व्यवसायमा लागत न्युनिकरण गर्न यन्त्रि करणमा जोड दिईनेछ।

१.९.गाउँपालिका क्षेत्रभित्र कृषि उपज आकाशे पानीको भरमा सिंचाई भइरहेको अवस्थालाई न्युनीकरण गर्न प्रत्येक वडामा कृषि विधुतीकरण तथा बोरिङ संचालन गरी कृषि उपजमा बृद्धि गराई कृषकहरुलाई अत्मनिर्भर बनाउनको लागि कृषि विद्युतीकरणलाई प्राथमिकता दिइनेछ।

१.१०.कृषिमा व्यवसायिकरण गर्दै प्राविधि मैत्री र सम्मानित पेशा बनाउन जोड दिइनेछ।

१.११.पालिका स्तरिय माटो परिक्षण प्रयोगशाला संचालन गरिनेछ।साथै यसलाई नियमित गरिनेछ।

१.१२.पालिकामा उत्पादित विभिन्न जातको आपँहरुलाई ब्रान्डिङ्ग गरिनेछ।साथै पालिकाको पहिचानको रुपमा आपँ खेतीलाई बिस्तार गरी आपँलाई देशैभर चिनाउन **बिशेष कार्यक्रम** संचालन गरिनेछ।

१.१३.बादर तथा निल गाई आतङ्कबाट आक्रान्त कम गर्न विशेष पहल गरिनेछ।

१.१४. कृषककोलागि आबश्यक बिउ बिजन निशुल्क रुपमा बितरण गर्ने व्यवस्था मिलाईने छ।साथै वडा बस्तिहरुमा निशुल्क पशु स्वास्थ्य शिबिर संचालन गरिने छ।

१.१५."**किसान संग बटेश्वर गाउँपालिका**" अभियान संचालन गरिनेछ जसमा किशानलाई खेत बारीमै गई निशुल्क कृषि तथा पशु सेवा सम्वन्धि परामर्श तथा सहयोग उपलब्ध गराईनेछ।

१.१६.कृषि क्षेत्रको प्रवर्धन र बिकास गर्न बिभिन्न कृषक समुह तथा सिंचाई उपभोक्ता समितिमा जडान भएका कृषि बिधुत मिटरको महसुल साझेदारीमा आधारीत भई गाउँपालिकाले भुक्तानी गर्ने व्यवस्था मिलाईनेछ।

१.१७.कृषिमा किसान संग साझेदारी कार्यक्रम संचालन गरिनेछ।साथै कृषि क्षेत्र लाई प्रवर्धन गर्न तथा किसानलाई सवलीकरण गर्न कृषक,कृषि फर्म,र सहकारी लाई आवश्यक अनुदानको ब्यवस्था मिलाईनेछ।

१.१८.गाउँपालिकामा पशु अस्पतालको निर्माण गरी निशुल्क रुपमा पशु पंछिहरुको उपचार सेवा प्रदान गरिनेछ।

१.१९.भिक्स मसला जातको रुख लागाउदा कम्तिमा १२ देखि १५ फिट कायम गर्ने नीति अबलम्वन गरिनेछ।

## २.उद्योग तथा वाणिज्य नीतिः

२.१.परम्परागत तथा सांस्कृतिक रुपमा स्थानीय जनतामा रहेका कलालाई घरेलु तथा लघु उद्यमकोमाध्यमबाट प्रवर्द्धन गरी आय आर्जनको स्रोतको रुपमा विकास गरिनेछ ।

२.२.आर्थिक रुपमा पछि परेका दलित तथा विपन्न समुदायका युवा-युवती, सबै जातजातीका महिलाहरुलाई लघु उद्यमशिलता सम्बन्धि तालिम प्रदान गरि स्वरोजगारीमा टेवा पुर्‍याइनेछ।



CamScanner

२.३.यस गाउँपालिका भित्र संचालन हुने उद्योगहरुमा कम्तीमा ७० प्रतिशत कर्मचारीहरु गाउँक्षेत्र भित्रकै राखी स्थापना तथा संचालन हुने उद्योगहरुलाई स्थापना भएको ३ (तीन) वर्ष सम्म ५० प्रतिशत व्यवसायिक कर छुट दिइनेछ।

२.४.यस गाउँपालिकाक्षेत्रभित्र संचालनमा रहेका सबै प्रकारका व्यवसायहरुलाई करको दायरामा ल्याउन घर दैलो अभियान संचालन गरिनेछ।

२.५.गाउँपालिका क्षेत्रमा संचालित उद्योग एवं व्यवसायहरु स्थापनाको उदेश्य अनुरुप संचालन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरिनेछ।

२.६.गाउँपालिका क्षेत्रमा उद्योग संचालनको लागि आबश्यक सहजिकरण तथा समन्वय गरिनेछ।

२.७.एकलं महिला अपाङ्ग दलित र सिमान्तकृत समुहले संचालन गरेको व्यवसायको दर्तामा २० प्रतिशत छुट प्रदान गरिनेछ।

२.८.गाउँपालिकाले तोकेको समयमा व्यवसाय दर्ता तथा नवीकरण नगर्ने व्यवसायीलाई आर्थिक ऐनमा तोकिए बमोजिमको जरीवाना लगाई राजश्व असुल उपर गरिनेछ।

२.९.ब्यवसाय दर्ता प्रकृयालाई प्रभावकारी र आकर्षक बनाउन बिशेष योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ।

२.१०.दर्ता नगरी व्यवसाय संचालन गरेका व्यवसायीहरुलाई तोकिएको समयभित्र आफ्नो व्यवसाय दर्ता गरेमा दर्तामा १० प्रतिशत छुट प्रदान गरिनेछ।

## ३.पर्यटन तथा संस्कृति प्रवर्द्धन नीति:

३.१.यस गाउँपालिकालाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न सम्भावित ठाउँहरुको पहिचान गरी पर्यटन गुरूयोजना निर्माण गरिनेछ ।

३.२.यस गाउँपालिका क्षेत्र भित्र रहेका धार्मिक क्षेत्र तथा सास्कृतीक क्षेत्रहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

३.३.यस गाउँपालिकामा प्रत्येक वर्ष माध्यमीकी परिक्रमामा लाखौंको संख्यामा आउने तिर्थ यात्रीहरुहरुको निम्ती बटेश्वर परिक्रमास्थललाई व्यवस्थित गर्दै लगिनेछ।

३.४.गाउँपालिका क्षेत्र भित्र बसोवास गर्ने सम्पुर्ण समुदायहरुको मौलिक परम्परा र भाषा संस्कृतिको जगेर्ना गर्न विशेष कार्यक्रमहरु संचालन गरिनेछ।

३.५.धार्मिक सांस्कृतिक तथा ऐतिहासीक रुपमा महत्वपूर्ण मठ मन्दिर आदीको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न सबै क्षेत्र र पक्षहरु संग समन्वय र सहकार्य गरिनेछ।

३.६ मैथिली रितीरिवाज झल्कीने सास्कृतिक कार्यक्रमहरु मेला, झण्डा मेला,दाहा मेला(मोहर्रम), झिझिया नाच, जट जटनी नाच, डोम कक्ष नाच, मिथिला चित्रकला लागायतका स्थानीय लोक सांस्कृतीको संरक्षण र सम्वद्धनको निम्ती सार्वजनिक र निजी साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ ।



CamScanner

३.७.गाउँपालिकाकाको मुख्य  मुख्य पर्यटन क्षेत्र कार्तिक कुवँर मन्दिर, बटेश्वर महादेवथान ,लवकुश मन्दिर,धनुष मन्दिर,कृष्ण मन्दिर लगायत ठाँउलाई सम्वर्धन र प्रवर्द्धन गर्दै पर्यटन क्षेत्रमा "बटेश्वरको अभियानः पर्यटनलाई सम्मान" को नीति अपनाइने छ।

३.८.गाउँपालिका भित्रका ऐतिहासिक पर्यटकिय धार्मिक स्थलको श्रव्य दृष्य सामाग्री तयार गरि पर्यटन प्रवर्द्धनमा जोड गरिने छ।

३.९ पर्यटन क्षेत्रको अधुरा संरचनाहरुको निर्माणकार्य सम्पन्न गरिनेछ।

३.१०.बटेश्वर गाउँपालिकामा एक वडा एक पार्कको अवधारणालाई अगाडी बढाईनेछ।

२.११.यस गाउँपालिकामा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धन गर्न कृषिमा आधारीत एग्रो टुरिजमको बिकासका लागि आवश्यक पहल गरिनेछ।

## ४.सहकारी नीतिः

४.१.सहकारी मार्फत बित्तिय सेवाको पहुँच बिस्तारकालागि बिभिन्न साक्षरता,सहकारी सदस्य शिक्षा तथा सहकारी संस्थागत बिकासको लागि आवश्यक तालिमको ब्यवस्था गरिनेछ।

४.२.सहकारी क्षेत्रको प्रवर्धनको लागि गाउँपालिका स्तरीय सहकारी संचालन समन्वय समिति गठन गरिनेछ।

४.३.गाउँपालिका भित्र निष्कृय रहेका सहकारी संस्थाहरुलाई खारेजी र एकै प्रकृतिका सहकारी बिच एकिकरण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

४.४.प्रचलित सहकारी सम्वन्धि कानुनको पालना नगर्ने तथा नियमानुसार प्रगति प्रतिबेदन नियमक निकायमा पेश नगर्ने सहकारीहरुलाई कानुन अनुसार कारवही गरिनेछ।

४.५.सहकारी संस्थाहरुको अभिलेख ब्यवस्थित गरिनेछ।

४.६.संचालित सहकारी संस्थाहरु संगको समन्वयमा बिभिन्न कार्यक्रम संचालन गरिनेछ।साथै सहकारी संस्थाहरुको क्षमता बिकासमा समेत ध्यान दिने गरि कार्यक्रम संचालन गरिनेछ।

४.७.सहकारीको सदस्य भई सहकारीको नीति नियम पालना नगर्ने सदस्यहरुलाई स्थानीय सरकारको सहकारी ऐन बमोजिम कारवाही गरिनेछ।

## ख) पुर्वाधार विकास नीतिः

१.आवश्यकतामा आधारित,भौतिक रुपमा देखिने र छोटो अबधिमा  सम्पन्न गर्न सक्ने तथा बढी प्रतिफल दिने योजना छनौट गर्ने निति अबलम्वन गरिनेछ।

२.गाउँपालिकामा खेलकुद पुर्वाधार को विकास गर्न पाटोमाई वहुउदेश्य रंगशाला निर्माण गरिनेछ।

३.गाउँपालिकाको बिभिन्न स्थानमा चिल्ड्रेन पार्क ,जेष्ट नागरिक पार्क,पिकनिक स्पट र सुविधासम्पन्न शौचालय बनाउन पहल गरिनेछ।

४.गाउँ क्षेत्र भित्र सिँचाईको विकासका कृषि मिटर तथा कृषि बिधुतिकरण कार्यलाई प्रमुखताकासाथ अगाडि बढाईनेछ।



CamScanner

५.यस गाउँपालिकाका वडाहरुलाई जोड्न र स्थानीयलाई सहजता प्रदान गर्न बटेश्वर रिङरोड को अबधारणा अबलम्वन गरिनेछ।

६.कृषि क्षेत्रको प्रवर्धन र बिकासको लागि कृषि सडक निर्माण तथा स्तरउन्नतिको कार्य लाई उच्च प्राथमिकता दिईनेछ।

७.साविक स्थानीय निकाय हुँदा बनेका निजि भवन संरचानहरुलाई निश्चित समय दिई अनिवार्य अभिलेखिकरण गर्ने व्यवस्था मिलाईनेछ।

८.गाँउपालिका मा उपभोक्ता समिति मार्फत सम्पन्न भएका योजनाहरुलाई सम्पन्न पश्चात सोही उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने निति लिईनेछ।

९.गाउँपालिका स्तरीय तथा वडा स्तरीय योजनाहरु पहिचान गरि कार्यान्वयनमा ल्याउन आयोजना बैकलाई संचालन गरिनेछ।

## ७.भवन तथा शहरी विकास नीतिः

७.१.भवन निर्माण गर्दा नेपाल सरकारले तोकेका मापदण्डहरु अनिवार्य पालना गर्ने नीति अंगिकार गरिनेछ ।

७.२.घरनक्सा स्विकृत नगरी घर निर्माण गर्ने प्रवृतिको अन्त्यका लागि दण्डजरिवानाको व्यवस्था गरिनेछ।

७.३.ड्रेन, फुटपाथ तथा वृक्षारोपण सहितको सडक निर्माणलाई प्रोत्साहन गरिनेछ।

७.४.बटेश्वर बजार लगायत अन्य जनसहभागिता धेरै हुने स्थानमा सुविधा सम्पन्न सार्वजनिक शौचालय निर्माण गरिनेछ।

७.५.गाउँपालिकाको क्षेत्रभित्र रहेका सरकारी निजी तथा ऐलानी जग्गाहरु, पोखरी लगायतका सम्पत्तिहरु, सुकुम्वासी तथा अव्यवस्थित बसोबास क्षेत्रहरुको लगत संकलन गरिनेछ।

७.६.गाउँपालिका भित्र हुने विकास निर्माणका योजनाहरुको आवश्यकताअनुसार DPR गरी विकास निर्माणका कार्यहरु अगाडि बढाइनेछ ।

७.७बटेश्वर बजार क्षेत्र कृष्ण मन्दिर देखी पालिका भवन सम्म "नो पार्किङ्ग जोन"को व्यवस्था गरि बजार क्षेत्र व्यवस्थित बनाईनेछ।

७.८.सहरी योजना तथा भवन निर्माण मापदण्ड २०८० कडाईका साथ लागु गरिनेछ।

७.९.घर नक्सा अभिलेखिकरण गर्ने नीतिलाई क्रमश हटाउदै नया नक्सापास गरी भवन निर्माण गर्ने नितिलाई कडाईका साथ लागु गरिनेछ।

## ८. उर्जा, तथा वैकल्पिक उर्जा तथा संचारको विकास एवम् प्रवद्धनमा जोड दिदै निम्न कार्यहरुगरिनेछ :

८.१.गाउँपालिकाका सबै बस्तिहरुमा विद्युत सेवा पुर्‍याउन विद्युतिकरण लाई तिब्रता दिइनेछ ।

८.२.कृषि क्षेत्रको विकासका लागि कृषि बिद्युतिकरण कार्यालाई प्रथमिकता दिईनेछ।



CamScanner

८.३ गाउँपालिकाका क्षेत्रहरुमा टेलिफोन / मोवाईल / ईन्टरनेट सेवा विस्तार गर्न सम्बन्धित संस्थाहरुमा पहल गरिनेछ ।

८.४.जनसहभागिताबाट निर्मित योजनाहरु दिगो हुने तथा यस्ता योजनाहरुमा जनताको अपनत्व भै संचालन एवम रेखदेख जनताबाटै स्वतःस्फूर्त रुपमा हुने हामी सबैको अनुभव छ ।तसर्थ, भौतिक पुर्वाधार सम्बन्धि योजनाहरु संचालन गर्दा १० प्रतिशत अनिवार्य रुपमा जनसहभागिता प्राप्त गर्ने नीति अवलम्बन गरिनेछ ।

८.५ गाउँपालिकाका प्रत्येक वडा तथा टोलमा सडक बत्ती तथा हाई मास टावरलाईट जडान गर्ने तथा बिग्रीयका सोलार बत्ती मर्मत सम्भार गरी "**उज्यालो बटेश्वर अभियान**" संचालन गरिने छ।

## ग) सामाजिक विकास नीतिहरुः

### १.शिक्षा ,युवा तथा खेलकुद विकास सम्बन्धि नीतिहरुः

१.१.अध्यनरत विद्यार्थी संख्या,शिक्षक संख्या र सेवा अवधिको आधारमा नियमित रुपमा शिक्षकको दरबन्दि मिलान गर्दै विद्यार्थी शिक्षक अनुपात कम भएको विद्यालयबाट उक्त अनुपातमा बढि भएको विद्यालयमा शिक्षकलाई सरुवा गरिनेछ तथा कम विद्यार्थी भएका विद्यालयलाई नजिकको विद्यालयमा समायोजन गरिनेछ ।

१.२.प्रधानाध्यापक को आवधिक मुल्याङ्कन गर्ने र प्र.अ संग अन्य सबै शिक्षकहरुको करार संझौता गरी सिकाई उपलब्धि अभिवृद्दि गरिनेछ।

१.३.बिद्यालयको शैक्षिक सुदृढीकरणमा सहयोग गर्ने एक जना प्रधानाध्यापक तथा एक जना शिक्षकलाई प्रोत्साहन स्वरुप पुरस्कारको ब्यवस्था मिलाईनेछ ।

१.४.आधारभुत तह देखी नै अंग्रेजी भाषा, कम्प्युटर शिक्षा तथा विभिन्न Extra Curricular Activities मा जोड दिइनेछ । साथै विद्यालयका लागि सोलार तथा कम्प्युटर/ल्यापटप खरिद गरि वितरणका लागि आवश्यक पहल गरिनुका साथै विभिन्न दातृनिकायहरु सगँ समन्वय गरिनेछ।

१.५.सबै विद्यालयहरुमा पुस्तकालय तथा ICT पूर्वाधार सहितको एक सिकाई केन्द्र व्यबस्थापनका लागि पहल गरिनेछ ।

१.६.बालबालिकाको सर्वाङ्गिण विकासका लागि अन्तर विद्यालय खेलकुद, हाजिरि जवाफ, बक्तृत्वकला, नृत्य, वादविवाद जस्ता प्रतियोगिताहरु निरनतर्ता दिईनेछ ।

१.७.नीजि क्षेत्रहरुबाट संचालित विद्यालय,कोचिङ्ग,ट्यूसन सेन्टर मापदण्ड अनुसार नियमन गरिनेछ ।

१.८.सामुदायिक विधालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुसँग कार्यसम्पादन करार(Performance Bond) गरि यसको नतिजाको आधारमा पुरस्कार र दण्ड सम्बन्धि व्यवस्था मिलाइनेछ ।

१.९ विद्यालयको लेखा परीक्षण सम्बन्धमा लेखा परीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक पुरस्कार तथा कारवाही गरिनेछ ।



CamScanner

१.१०स्वउत्प्रेरित शिक्षकले मात्र सिकाउछ भन्ने यथार्थलाई आत्मसाथ गर्दे शिक्षकहरुलाई स्वउत्प्रेरणात्मक शैक्षिक जागरण कार्यक्रम संचालन गरिनेछ।

१.११निरन्तर विद्यार्थी मुल्यांकन प्रक्रियालाई कडाइको साथ अनिर्वाय रुपमा लागु गरिनेछ ।

१.१२दिगो र अर्थपुर्ण सिकाइको लागि पठन पाठन उदेश्य अनुसारको शैक्षिक सामग्रीको प्रयोग गर्न लगाउने कार्य गरिनेछ तथा तह गत र विषयगत रुपमा शिक्षकहरुका लागि विभिन्न तालिमको ब्यबस्था मिलाईनेछ।

१.१३ विद्यालय सुधार योजना र बार्षिक कार्य योजना तयार गरेको आधारमा मात्र अन्तिम निकासा दिइनेछ।

१.१४विद्यालय व्यवस्थापन समिति म्याद समाप्त भई पूनः गठन हुन नसकेका विद्यालयहरुमा समीति गठन गर्न आवश्यक पहल गरिनेछ।

१.१५वडामा एक वटा पनि माध्यिमक बिद्यालय नभएका तर आवश्यक पुर्वाधार र बिद्यार्थि संख्या प्रयाप्त भएका आधारभुत बिद्यालयहरुलाई माध्यामिक तहमा स्तरउन्नति गरिनेछ।

१.१६यस गाउँपालिका अन्तर्गत संचालित रहेका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई प्रोत्साहन गर्न SEE परिक्षामा A+ वा A Grade ल्याएका विद्यार्थीहरु मध्ये प्रत्येक विद्यालयबाट एक एक जना विद्यार्थीलाई गाउँ पालिकाले तोकेको विद्यालयमा कक्षा ११ र १२ मा निशुल्क अध्ययन गराइनेछ ।

१.१७.सामुदायिक विद्यालयको आधारभुत तहमा स्थानिय पठयक्रम निर्माण गरि लागु गरिनेछ।

१.१८.पालिका भित्रका सामुदायिक विद्यालयहरुलाई थप व्यवस्थित गर्नका लागि प्रतिस्प्रधात्मक परिक्षाबाट योग्य प्राधानध्यापक छनौट गर्न प्र.अ.ब्यवस्थापन कार्यबिधि निर्माण गरी प्रकृया अगाढी बढाईने छ। साथै थप प्र.अ भत्तको लागि ब्यवस्था मिलाईनेछ।

१.१९.एक वडा एक खेलकुद मैदान निति अवलबन गरी समभ्बयता अध्यनको काम अगाडी बढाईनेछ।

१.२०.गाउँपालिका भित्रका सामुदायिक विद्यालयबाट SEE उतिर्ण गर्ने दलित छात्रा/दलित नभएको खण्डमा अन्य वर्गको गरिव जेहन्दार ५ छात्रालाई गा.पा.अध्यक्ष छात्रवृतिकोष खडा गरी वार्षिक रुपमा छात्रवृति रकम प्रदान गरिनेछ।

१.२१निजामति सेवा,शिक्षकसेवा तथा अन्य सरकारी सेवामा प्रवेश गर्न चाहाने युवाहरुको लागि निशुल्क लोकसेवा तयारी कक्षा संचालन गरिनेछ।

१.२२प्रत्येक बिद्यालयमा अध्ययनरत बालबालीकाहरुलाई खेलकुद कार्यमा सहयोग गर्न खेलकुद सामाग्री उपलब्ध गराईनेछ।

१.२३विद्यालयको शैक्षिक अबस्थाको सुदृढीकरण गर्न नियमित बिद्यालय अनुगमन तथा मासिक समिक्षा कार्यक्रम संचालन गरिनेछ। साथै ब्यवस्थापन समिति को क्षमता बिकास गर्न कार्यक्रम संचालन गरिनेछ।

१.२४प्रत्येक विद्यालयमा जस्ताको छानो प्रतिस्थापन गरी पक्की भबन निर्माण गर्न आबश्यक ब्यवस्था गरिनेछ।



CamScanner

१.२५प्रत्येक बिद्यालयमा खानेपानीको पहुँच तथा शैक्षिक पुर्वाधारको बिकास मा जोड दिईनेछ।

१.२६प्रत्येक माध्यामिक बिद्यालयमा कम्तिमा १ वटा प्रबिधिक शिक्षा को पठन पाठन गराउन सक्ने पुर्बाधार निर्माण गर्न आवश्यक पहल गरिनेछ।

१.२७सामुदायिक बिद्यालयका प्र.अ.तथा शिक्षकहरुलाई बिभिन्न भुगोल तथा क्षेत्रको सिकाई आदान प्रदान गर्न अबलोकन भ्रमणको लागि आवश्यक व्यवस्था गरिनेछ।

१.२८पुस्तक पढ्ने वानीको बिकास गर्न प्रविधिमा आधारीत एक वडा एक पुस्तकालय निर्माणको को अबधारणा अबलम्वन गरिनेछ।

१.२९रुची खुबि र क्षमता अनुसार बृति छनोट गर्नकालागि बिद्यालय तहका बिद्यार्थीहरुका लागि बृति मार्ग निर्देशन कार्यक्रम संचालन गरिनेछ र गाउँपालिकामा बृति परामर्श सेवा ईकाई स्थापना गरिनेछ।

## २.स्वास्थ्य नीतिः

२.१.गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य चौकीहरुको भौतिक एवमं संरचनागत सुधार गर्दै व्यवस्थापनलाई निर्धारित मापदण्ड अनुरुप विकास र विस्तार गरिनेछ ।बिभिन्न वडा तथा गाउँपालिकामा कार्यरत स्वास्थ सेवाका कर्मचारीलाई आवश्यकता अनुसार वडा तथा गाउँपालिका कार्यालयमा खटनपटन गरिनेछ।

२.२.नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रमलाई यस गाउँपालिकाका गाउँवासीहरुको पुर्ण सहभागिताका लागि प्रोत्साहन गरी स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरिनेछ।

२.३.नेपाल सरकार स्वास्थ्य मन्त्रालयले प्रकाशित गरेको खोप तालिका बामोजिम सबै वालवालिकाको लागि खोपको सुनिश्चितता गर्न विशेष व्यवस्था गरिनेछ । साथै एक वर्षभित्र यस गाउँपालिकालाइ पूर्णखोप सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ।

२.४.गाउँपालिका क्षे(त्र भित्रका विपन्न तथा जेष्ठ नागरिकहरुलाइ क्यान्सर, मृगौला तथा मुटुरोग जस्ता रोगहरुको उपचारको लागि पहल गरिनेछ ।

२.५.आयुर्वेद तथा पारम्पारिक चिकिस्ता प्रणालीको विकासलाई प्रोत्साहन गर्नेछ ।

२.६.गाउपालिकाको पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण योजना कार्यक्रमलाई सशक्त ढंगले कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।

२.७.एच.आई.भि. / एड्स, मलेरिया, क्षयरोग, हेपाटाईटिस, डेङ्गो जस्ता रोगहरुको नियन्त्रण तथा उपचारका लागि सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरुसँग सहकार्य गरिनेछ ।

२.८. गाउँपालिकाको स्वास्थ्य क्षेत्रको सुधार तथा जनतामा स्वास्थ्य चेतना अभिवृद्धिमा महिला स्वयंम सेविकाको भुमिकाको उच्च मुल्याङ्कन गर्दै महिला स्वमं सेविकाहरु निम्ती प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ तथा यस गा. पा. का महिला स्वास्थ्य स्वयंसेविका निजले गरेको योगदान बापत खाजा खर्च लाई निरन्तरता गराईनेछ।

२.९ गाउँपालिकाका सबै वडामा कम्तिमा १ वटा स्वास्थ्य केन्द्र ( खोप तथा पोषण केन्द्र सहितका ) निर्माण गर्न पहल गरिनेछ ।



CS CamScanner

२.१०.गाउपालिकामा निर्मानाधिन १० शैयाको अस्पताल निर्माणको यसै आ.व.मा सम्पन्न गरि संचालनमा ल्याउनका लागि पहल गरिनेछ ।

२.११प्रा.स्वा.के. को सेवा तथा प्रयोगशालालाई सुदृढिकरण गर्दै प्रसुती सेवा संचालनमा जोड दिइनेछ ।

२.१२.मातृ तथा नवजात शिशु स्वास्थ्य तथा वाल स्वास्थ्यमा सुधार ल्याउन विशेष कार्यक्रम संचालन गरिनेछ । सम्पूर्ण स्वास्थ्य संस्थामा सप्रभावकारी किशोर किशोरी स्वास्थ्य सेवाको उपलब्धता र सुनिश्चितताका लागी विभिन्न कार्यक्रमसंचालन गरिनेछ ।

२.१३.वहुक्षेत्रिय पोषण :मातृशिशु तथा बाल्यकालिन पोषणमा सुधार ल्याउन विभिन्न स्थानमा विभिन्न कार्यालयहरु, स्वास्थ्य संस्था, बसपार्क ) स्तनपान कक्षको निर्माण, स्वास्थ्य संस्था, विद्यालयहरुमा पोषण कर्नरको स्थापना, स्थानिय स्तरमा पोषणयुक्त पिठो ( सर्वोत्तमपिठो) तयार गरि सुनौलो १००० दिनका आमाहरुलाइ वितरण गर्ने तथा उपभोग गर्ने वारे सचेतिकरण गर्ने ।कडा शिघ्र कुपोषण भएका बालबालिकाको उपाचारका लागी बहिरङ्ग उपचार केन्द्रको विस्तार तथा व्यवस्थापन गर्ने ।पोषणयुक्त गाउँ/वडा / स्थानिय तह सुनिश्चित अभियान तथा सुनौला हजार दिनको लागि सञ्चार अभियान सञ्चालन गरिनेछ ।जेष्ठ नागरिकहरुका निम्ति स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।

२.१४.बटेश्वर बासीलाई निशुल्क रगत नेपाल रेडक्रस सोसाईटी मार्फत उपल्बध गराउन पहल गरिनेछ।

२.१५.प्रत्येक वडामा आखाँ शविर तथा अन्य स्वास्थ्य शिविर संचालन गरिनेछ।

२.१६.प्रत्येक वडामा एक वडा एक योगशालाकको अवधारणालाई अगाडी बढाईनेछ।

२.१७.पालिका स्तरिय रक्त दान कार्यक्रम र रगत समुह परिक्षण कार्यक्रम बर्षको २ पटक निशुल्क रुपमा संचालन गरिनेछ।

२.१८.कुपोषणबाट हुन सक्ने मातृ तथा शिशु मृत्युदर कम गर्न सुत्केरी आमा र बच्चाको पौष्टिक आहारका लागि पोषणयुक्त सामाग्रीहरु सहितको **आमा कोसेली कार्यक्रम** संचालन गरिनेछ ।.

२.१९.पाठेघर क्यान्सर सम्बन्धि स्वस्थ्य शिविर अर्धवार्षिक रुपमा संचालन गरिने छ ।

२.२०.गाउँपालिका द्वारा संचालित एम्बुलेन्स गाउँपालिका भित्र बसोबास गर्ने गर्ववती महिलालाई १ पटकको लागि प्रादेशिक अस्पताल सम्मको लागि निशुल्क व्यवस्था गरिनेछ।

२.२१.गाउँपालिका भित्र सवारी दुर्घटना भई सख्त घाइते व्यक्तिको लागि प्रादेशिक अस्पताल सम्म एम्बुलेन्स सेवा निशुल्क प्रदान गरिनेछ।

२.२२.बटेश्वर गाउँपालिका भित्र सर्प टोकाईबाट घाईते ब्यक्तिहरुको लागि नजिकको सर्पदन्स उपचार केन्द्र सम्म निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ।

२.२३.बटेश्वर प्रयोगशालालाई पुर्ण क्षमतामा संचालन गर्न आवश्यक पुर्वाधार तथा जनशक्तिको व्यवस्था गरिनेछ। साथै यसको प्रचारप्रशारमा बिशेष जोड दिईनेछ।

२.२४.गाउँपालिकामा आखा अस्पताल भबन निर्माणको कार्य संचालन गरिनेछ।



CamScanner

२.२५.स्वास्थ्य सेवा लाई सुदृढ बनाई सबै नागरिकलाई आधारभुत स्वास्थ्य सेवाको पहुँचमा अभिबृद्दि गर्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।स्वस्थ बटेश्व गाउँपालिका अभियान संचालन गरि गाउँपालिका अध्यक्ष संग नागरिक कार्यक्रम संचालन गरिनेछ।जसमा प्रत्येक महिनाको एकपटक घुम्ति सेवा मार्फत नगरिकको स्वास्थ्य जाँच गर्ने व्यवस्था गरिनेछ।

२.२६.गर्भवती महिलाहरुको चेक जाचँ गर्न निशुल्क ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरिनेछ।

## ३.खानेपानी, सरसफाई स्वच्छताः

३.१.सबै गाउँबासीलाई आधारभुत खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धि नीति तथा कार्ययोजना तर्जुमा गरिनेछ ।

३.२.खुला दिसा मुक्तगाउँपालिका बनाउन गाउँपालिकाका बजार क्षेत्ररुको नियमित रुपमा सरसफाईका लागि आवश्यक व्यवस्था मिलाइनेछ तथा सार्वजनिक स्थलमा सार्वजनिक शौचालय तथा चपाकलको व्यवस्था गरिनेछ ।

३.३.गाउँपालिकाको १० वर्षीय खानेपानी, सरसफाइ र स्वच्छतायोजना (WASHPlan) तयार गरी सबै सरोकारवालाहरु र विकास साझेदार संस्थाहरुलाई एकद्वार प्रणालीबाट कार्यक्रम सञ्चालन गरिनेछ ।

३.४.दिगो विकास र नेपाल सरकारको विकास लक्ष्यलाई पूरा गर्नका लागि खानेपानी सुविधामा पहुँच नभएका जनताहरुको पहिचान गरी खानेपानी सुविधाहरु निर्माण गर्ने, पानी सुरक्षा योजनाहरु लागू गर्ने र खुला दिसामुक्त पछि खानेपानी सुरक्षितसमुदाय (Water safe community) विकास गर्दै पूर्ण सरसफाइ तर्फ अगाडि बढ्ने नीति लिइएकोछ ।

३.५.संस्थागत सरसफाइ (विद्यालय / बाल विकास केन्द्र र मुख्य गरी स्वास्थ्य संस्थाहरुमा) खानेपानी, सरसफाइ र स्वच्छता (साबुन पानीले हात धुने र महिनावारी सरसफाइ) सुविधा सुनिश्चित गर्न आवश्यक्ता अनुसार निर्माण गर्ने, प्रयोगमानआएका सुविधालाई मर्मत सम्भार गर्ने र नियमित सेवामा पहुँच सुनिश्चित गर्न सेवा प्रदायी संस्थाहरुलाई पुरस्कार रजरीवानाको व्यबस्था गर्ने रसमुदाय स्तरमा सरसफाइ र स्वच्छता अभियान सञ्चालन गर्न समाजिक नियमहरु बनाईअभियानको रुपमा लागू गरिनेछ ।

३.६.कुनै पनि समयमा आउन सक्ने विपदसंग जुध्न सक्ने खानेपानी र सरसफाइ संरचना निर्माण गर्नका साथै यसका लागि पूर्वतयारीका लागि आवश्यक क्षमता विकास गर्नका साथै WASH Governance सुनिश्चित गर्न वातावरण तयार गर्ने ।

३.७.गाउँपालिकाबाट निर्माण भई  हाल संचालनमा नहेका डिप टयूवेल, ईनार तथा स्यालो टयुवेल संचालन गरि खानेपानी तथा सिचाईको व्यवस्था गरिनेछ।

३.८. खानेपानी तथा उपभोक्ता सरसफाई संस्थाहरु संग समन्वय गरी सबै नागरिकमा स्वच्छ खानेपानी को पहुँच अभिवृद्दि गरिनेछ।



CamScanner

३.९.बटेश्वर गाउँपालिका भरी खानेपानी को पहुँच विस्तार गर्न खानेपानी पाईपलाईन विस्तार गरिनेछ।

## ४.लैंगिक समानता तथा सामाजिक समावेशीकरणः

४.१.गाउँपालिकाबाट प्रदान गरिने सामाजिक तथा आर्थिक अवसरहरुमा महिलाहरुको सम्मानजनक सहभागिता सुनिश्चत गर्न लक्षित तथा सिमान्तकृत महिलाहरुको क्षमता अभिवृद्धि र जीवनस्तर सुधारका लागि संरक्षणात्मक सेवा उपलब्ध गराई सशक्तिकरण गरिनेछ ।

४.२.महिलाहरुको हक अधिकारको संरक्षणका लागि लैङ्गिक हिंसा निवारण लगायत अन्य स्थानीय कानुनहरु तर्जूमा, कार्यान्वयन तथा सो को अनुगमन मुल्याङ्कन गरिनेछ ।

४.३.महिला विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्यकालागि विषेश कार्यक्रम संचालन गरिनेछ ।

४.४.विपन्न र सामाजिक रुपमा जोखिममा रहेका गाउँवासी, कृषक, श्रमिक र पिछडा वर्गको उत्थानका निमित पहल गरिनेछ

४.५.जेष्ठ नागरिक दिर्घ सेवा सम्मान कार्यक्रम संचालन गरी हरेक वर्ष गाउँपालिका पुरुष एक र महिला एक गरी जम्मा २ जनालाई सम्मान गरिनेछ । साथै सामाजिक सुरक्षा भत्ता समयमै कम्प्युटर प्रविधि अनुसार वितरण गर्ने व्यवस्था गरिनेछ ।

४.६.सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित गर्न पूर्ण रुपमा बैंकिंग प्रणाली व्यवस्था लागु गरिनेछ ।जेष्ठ नागरिक, अशक्त लगायतका निम्ति आवश्यक व्यवस्था गरिनेछ ।

४.७.बटेश्वर गाउँपालिका भित्र एक बृद्धाआश्रम निर्माण कार्यको लागि आवश्यक पहल गरिनेछ।

४.८.महिला, दलित, विधुवा, विपन्न, मुस्लिम, असहाय, बालबालिकाका निम्ति आर्थिक, सामाजिक विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

४.९.ज्येष्ठ नागरिक भेटघाट स्थल निर्माण तथा ज्येष्ठ नागरिक मंच गठन र ज्येष्ठ नागरिक कल्याणकारी निति ल्याईने छ ।

४.१०.दलितहरुको मृत्यू पश्चात पालिकाबाट दिईने ५०००।-क्रिया खर्च कार्यक्रमलाई निरनतर्ता दिईनेछ।

४.११.बटेश्वर गाउँपालिका भित्रका कम्तिमा +२ वा प्रविणता प्रमाणपत्र तह उतिर्ण गरि २० वर्ष उमेर पुरा भई बिबाह गर्ने छोरीलाई प्रोत्साहन रकम प्रदान गरिनेछ।साथै उक्त कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न यथासिघ्र कार्यविधि निर्माण गरिनेछ।

## ५.बालसंरक्षण

५.१बालसंरक्षण प्रणाली स्थापना र सबलीकरण गरिनेछ।

५.२ सामाजिक व्यवहार परिवर्तनका लागि सूचना तथा संचार अभियान संचालन गर्ने

५.३ बाल संरक्षण तथा लैङ्गिक हिंसाका लागि सेवा प्रवाह गर्ने ।



CamScanner

## घ)वातावरण तथा विपत व्यवस्थापन नीतिः

### १.वन तथा भु-संरक्षण नीतिः

१.१.वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धि मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

१.२.गाउँपालिका क्षेत्र भित्र नदी किनार, नहर किनार तथा सडक किनारमा वृक्षारोपण गरिनेछ।

१.३.नीजि तथा सार्वजनिक जग्गाहरुमा औषधी गुणयुक्त वनस्पतिहरु, जडिबुटिहरु तथा दुर्लभ एवमं लोपोन्मुख विरुवाहरु रोप्ने तथा संरक्षण गरिनेछ ।

१.४.गाउँपालिका क्षेत्रमा रहेका पोखरिहरुको लगत संकलन गरी तिनमा भएका जैविक विविधताको संरक्षण र व्यबस्थापन गर्दै तीनिहरुलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ ।

१.५.नदि क्षेत्रहरुको संरक्षण गर्न नदि किनारको अतिक्रमण रोक्न र नदी नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ ।

१.६यस गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक सरकारी सम्पतीलाई केन्द्र तथा प्रदेश सरकारसंग समन्वय गरी गाउपालिकाको मातहतमा ल्याउन पहल गरिनेछ ।

### २. वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धि नीतिः

२.१.विकास कार्यक्रमहरु संचालन गर्दा वातावरण मैत्रि र जलवायु परिवर्तनसँग अनुकुलित हुने गरि संचालन गरिनेछ ।

२.२.प्लाष्टिक झोला नियन्त्रण गर्दै कागज तथा कपडा जन्य झोलालाई प्रोत्साहान गरी क्रमिक रुपमा यस गा. पा लाई प्लाष्टिक मुक्त गा.पा. घोषणाको लागि पहल गरिनेछ ।

२.३.जैविक विषादीको खोजी तथा प्रवर्द्धन गर्दै स्वास्थ्यमा प्रतिकुल असर गर्ने रसायनिक विषादी माथी प्रतिबन्द लगाईनेछ ।

२.४ खाली क्षेत्रहरुमा वृक्षारोपन गरि हरित गाउँपालिकाको अवधारणालाई अगाडी बढाईनेछ।

### ३.फोहोरमैला व्यवस्थापन नीतिः

३.१.गाउँक्षेत्रका फोहोरको नियमित रुपमा सरसफाई गरिनेछ ।

३.२.फोहोर व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साईड खोजि गरिनेछ।

३.३.फोहर व्यवस्थापनका सम्बन्धमा वडा समितिहरु मार्फत जनचेतना कार्यक्रम संचालन गरिनेछ

३.४.गाउँक्षेत्रको फोहोर व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराई फोहोर व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारीका लागि पहल गरिनेछ ।

३.५.फोहोर मैला व्यवस्थापनका निम्ति ट्रलीसहितको ट्रेक्टर र सफाई ट्यांकी खरिद गरिनेछ ।

३.६.सरसफाई कार्य नियमित व्यवस्थित गर्न सरसफाई कर्मचारीको व्यवस्था गरिनेछ ।

३.७.बटेश्वर बजार क्षेत्र लाई सफा राख्न हप्ताको एक दिन सरसफाई अभियान संचालन गरिनेछ।



CamScanner

## ४.विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीतिः

४.१.भुकम्प, अतिवृष्टि, बाढी, हावाहुरी, चट्टयाङ्ग, आगलागी, खडेरी, महामारी, शीतलहर तथा हैजा,वर्डफ्ल्यु, डेंगु, जस्ता महामारी बाट उत्पन्न हुन सक्ने जोखिमन्यूनिकरण गर्न विपत व्यवस्थापन पुर्व तयारी योजना र विपत प्रतिकार्य योजना तयार गरि कार्यान्वयन गरिनेछ ।

४.२.विपत प्रतिकार्यको समयमा संलग्न सरकारी निकाय, गैरसरकारी संस्था तथा नागरिक बिच अन्तर सम्बन्ध कायम गरी पिडितको पहिचान, पिडितलाई तत्काल राहत तथा पुनःस्थापना सम्बन्धि कार्यमा एकरुपता ल्याई दोहोरोपन सृजना हुन रोक लगाइनेछ।

४.३.स्थानीय/समुदाय स्तर सम्म विपत पुर्व तयारी तथा प्रतिकार्य क्षमता विकास गर्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

४.४.विपदको समयमा राहत प्रदान गर्न एवमं तत्काल बाटो, पैनी, आदि मर्मत गरि क्षति न्युनिकरण गर्न एक विपद व्यवस्थापन कोष खडा र परिचालन सम्वन्धि निर्देशिका तयार गरिनेछ

४.५.बिपदपूर्व तयारी तथा प्रतिकार्य योजना निमाणपूर्वाधार निर्माणका विपद् जोखिम न्यूनीकरणलाई समावेश गरी कार्यान्वयन गर्ने खोज तथा उध्दार गर्न सक्ने, अग्नी नियन्त्रण गर्न सक्ने, प्राथमिक उपचार गर्न सक्ने, मनोसामाजिक परामर्श दिन सक्ने दक्षजनशक्ति तयार गरीनेछ।

४.६विपद व्यवस्थापन कोषमा आवश्यक बजेट व्यवस्था गरि स्रोत साधनको अधिकतम परिचालन गरिनेछ।

## ङ) वित्तिय व्यवस्थापन र सुशासन, न्याय सम्पादन नीतिः

१.गाउँपालिका तथा विषयगत कार्यालयको आम्दानी र खर्चको लेखाङ्कन कम्प्युटराइज्ड गर्ने निति अवलब्न गरिनेछ।

## २ वित्तिय अनुशासन कायम राख्न तथा वित्तिय जोखिम न्यूनीकरण गर्न निम्न नीतिहरु अंगीकारगर्नेः

२.१सार्वजनिक खरिद गर्दा पारदर्शी एवमं मितव्ययी ढङ्गले गर्ने ।

२.२.खर्चको नियमित रुपमा सर्वजनिकीकरण गर्ने तथा गाउँपालिकाको वेवसाईट मार्फत सार्वजनिकीकरण गरिनेछ ।

२.३.उपभोक्ता समितिहरु मार्फत संचालित योजनाहरुको नियमित अनुगमन, खर्च सार्वजनिककरण तथा सार्वजनिक सुनुवाई गर्ने व्यवस्था लाई कडाईका साथ लागु गरिनेछ ।

२.४सम्झौतामा तोकिएको मितिमा काम पुरा गर्न नसक्ने उपभोक्ता समितिहरुलाई एक पटक म्याद थप गरी पुनः समयमै कार्य सम्पन्न गराउने थप अवधिमा समेत कार्य सम्पन्न गाउँमा आर्थिक नियम अनुसार जरिवाना गरिनेछ । साथै सो कार्य गाउँपालिकाले अन्य प्रक्रियाद्वारा संचालन गरिनेछ ।



CS CamScanner

२.५.वित्तिय तथा भौतिक प्रगति सहितको प्रतिवेदन नियमित रुपमा तयार गरी सार्वजनिकीकरण गरिनेछ ।

## ३.राजश्व परिचालन सम्बन्धमा निम्न नीतिहरु अंगिकार गरिनेछः

३.१.करको दायरा बढाई करको दर घटाउने प्रगतिशिल कर निति अवलन्वन गरिनेछ ।

३.२.हामिले तिरेको कर हाम्रैलागि भन्ने भावनाको विकास गरी कर तिर्न सबै करदातालाई प्रेरित गरिनेछ।

३.३.एक जना उत्कृष्ट करदातालाई सम्मान गरिनेछ ।

३.४.स्थानिय कर प्रशासन लाई चुस्त, दुस्त बनाईनेछ।

३.५अधिक्तम जनतालाई सो स्वस्फुर्तरुपमा करको दायरा भित्र ल्याउन उपयुक्त वातावरण श्रृजना गरी आवश्यक पहल गरिनेछ ।

३.६.आन्तरिक आय उठेको अधारमा रकम बिनियोजन गरि जुन क्षेत्रमा रकम प्राप्त भएको छ सोही क्षेत्रको विकासमा प्राथमिकता दिईनेछ।

## ४.आन्तरिक नियन्त्रण तथा लेखापरिक्षण नीतिः

४.१.कानूनी रुपमा गर्नुपर्ने अन्तिम लेखा परिक्षण समयमै गर्ने व्यवस्था मिलाउने र साविकको गा.वि.स. तथा हालको गाउँ पालिकाको पेश्की तथा वेरुजु कडाईका साथ फर्छ्यौट गर्न आवश्यक पहल गरिनेछ ।

## ५.सुचना तथा सञ्चार व्यवस्थापन नीतिः

५.१.नगरिकको सुचनाको हकको उच्च सम्मान गर्दै सुचनाको हक सम्बन्धि ऐनले निर्दिष्ट गरेबमोजिमका सुचनाहरु प्रकाशन तथा नागरिकले मागेको सूचना नियमअनुसार प्रदान गरिने छ।

५.२.फेसबुक,ट्वीटर जस्ता सामाजिक सञ्जालकोसमेत प्रयोग गरि सुचना सम्प्रेषण गरिनेछ ।

५.३.छिटो, छरितो र प्रभावकारी सञ्चारका लागि गाउँपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई एस.एम.एस. मार्फत सुचना प्रवाह गर्ने, सबै पदाधिकारी एवम् कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउन आवश्यकतानुसार तालिम दिने तथा इमेल खोली सबै पत्राचारहरु इमेल मार्फत गर्ने व्यवस्था गरिनेछ ।

५.४गा.पा.कार्यालय र अन्तर्गतकाक निकायहरुमा सुरक्षा दृष्टीकोणले CCTV सुशासन कायम गर्न Digital हाजिरीको व्यवस्था क्रमशः प्रत्येक बिधालय गरिनेछ।

५.५.सूचना सूचित तथा व्यवस्थित गर्न नागरिक वडा पत्र र डिजिटल डिस्प्ले बोर्डको व्यवस्था गाउँपालिकामा गरिनेछ ।

५.६.सूचना प्रविधिको पहुच आमनागरिकमा बिस्तार गर्न बिभिन्न टोल तथा सार्वजनिक स्थलहरुमा निशुल्क वाईफाई तथा ईन्टरनेट जडान गर्ने कार्य संचालन गरिनेछ।



CamScanner

५.७.गाउँपालिकामा भएका बिकास निर्माण र सेवा प्रवाहको विषयमा जानकारी दिन "रेडियो संग बटेश्वर गाउँपालिका" कार्यक्रम संचालन गरिनेछ।

५.८.वडा बाट हुने सबै प्रकारका सिफारिसमा एकरुपता ल्याउन एकिकृत सिफारिस व्यवस्थापन प्रणाली बिकास गरी लागु गरिनेछ।

## ६.न्याय सम्पादन नीतिः

६.१.नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि निष्पक्ष, छिटो, छरितो, सुलभ, प्रभावकारी तथा जनउत्तत्तरदायी न्याय प्रणाली स्थापित गर्नेछ।

६.२.स्थानीय स्तरमा उत्पन्न हुने विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न प्रत्येक वडामा गठन भएका मेलमिलाप समितिलाई आवश्यकता अनुसार संसोधन तथा परिमार्जन गरिनेछ।

६.३.स्थानीय सामुदायिक मेलमिलाप केन्द्रका सदस्यलाई समितिको सदस्यलाई न्यायिक समितिले मेलमिलाप कर्ताको रुपमा सुचीकृत गरी निजहरुलाई मध्यस्थता तथा मेलमिलाप सम्बन्धि अभिमुखीकरण / तालिम प्रदान गर्ने ।

६.४.गाउँपालिका तथा न्यायीक समितिलाई कानुनी सल्लाह प्रदान तथा गाउँपालिका क्षेत्र भित्रका असहाय, विपन्न तथा हिंसा पिडित व्यक्तिहरुको कानूनी उपचारमा समन्वय गर्न कानूनी सल्लाहकार नियुक्ती गर्ने ।

६.५.न्याय सम्पादन लाई समयसापेक्ष बनाउन सफ्टबेयर प्रविधिमा आधारित अभिलेख प्रणाली अवलम्वन गरिनेछ।

# च ) सार्वजनिक सेवा तथा क्षमता विकास नीतिहरुः

१। गाउँपालिका को संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी स्वीकृत दरवन्दि तेरिज बमोजिम जनशक्ति व्यवस्थापन गरि सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ ।साथै गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीलाई आवश्यकता अनुसार वडा तथा गाउँपालिकामा खटन पटन गरिनेछ।

२। सेवा प्रवाहलाई प्रभावकारी बनाइ सबै गाउँबासीलाई सहज सरल ढंगबाट सेवा दिन गाउकार्यपालिकाको कार्यालय, सबै वडा कार्यालयहरु तथा विषयगत कार्यालयहरुमा सेवा प्रवाह सम्बन्धी स्पष्ट जानकारी सुचना केन्द्र तथा हेल्पडेक्स स्थापना गरिनेछ। गाउँपालिकाका वडा कार्यालय लगायत विभिन्न निकायहरुमा ई हाजिरी प्रणाली लाई कडाईका साथ लागु गरिनेछ ।

३। सेवा प्रवाह तथा कार्यसम्पादनमा गुणात्मक सुधार गर्न विधुतिय शासन प्रणाली लाई क्रमश लागू गर्दै जाने ।यसै वर्ष वडाकार्यालयहरुमा cctv, solar back up तथा Internet सेवा जडान गरी गाउँपालिका केन्द्रसँग networking गर्ने कार्यको थालनी गर्ने ।

४। उत्प्रेरित कर्मचारीबाट नै उत्पादकत्वमा गुणात्मक वृद्धि गर्न सकिने भएकोले कर्मचारीहरुलाई मासिक २५ प्रतिशत सम्म कार्य सम्पादन र मुल्यांकनको आधारमा प्रोत्साहन भत्ता प्रदान गरिनेछ ।



CamScanner

५। दक्ष इमान्दार तथा अनुशासित कर्मचारीलाई पुरस्कृत गर्ने निति अवलम्बन गरी प्रत्येक वर्ष कर्मचारीलाई उत्कृष्ट कर्मचारीको रुपमा सम्मान तथा रु १० हजार नगद पुरस्कार प्रदान गर्नेछ ।

६। कर्मचारी कल्याण कोषमा वार्षिक ५ लाख रकम जम्मा गर्नेछ ।

७। पेन्सन नपाउने कर्मचारीहरुको लागी योगदानमा आधारित पेन्सन प्रदान गर्न सम्बन्धित वित्तिय संस्थाहरु सँग पहल गरी यस सम्बन्धमा अध्ययन गर्नेछ ।

८। गाउँपालिकाको सेवा प्रवाह, अनुगमन, मुल्याङ्कन तथा समन्वयात्मक कार्यमा सहयोग गर्न आवश्यकता अनुसार चार पांग्रे तथा दुई पांग्रे सवारी साधनहरु खरिद गर्नेछ।

९। पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा ज्ञान, सिप र व्यवभारमा परिवर्तनका लागि वर्षमा कम्तिमा १ वटा अवलोकन भ्रमण कार्यक्रम गर्नेछ ।

१०। करार कर्मचारीहरुको आवश्यकता अनुसार प्रचलित कानुन अनुरुप म्याद थप गरिनेछ तथा प्राविधिक कर्मचारी नियुक्त गर्ने ।

११। गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षको नियमित कामकारबाहीलाई सुशाशित एवम् व्यवस्थित गर्न एक/एक जना निजी सहायकको व्यवस्था गरिनेछ ।

१२। गाउँपालिकाका काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्न आवश्यकता अनुसार प्रत्येक वडामा कम्प्युटर अपरेटर कर्मचारी, प्राविधिक, कानून व्यवसायी, अमिन, सरससफाई कर्मचारी, गाउँ प्रहरीहरु तथा श्रेणीविहित कर्मचारीहरु करार तथा ज्यालादारीमा नियुक्त गरिनेछ ।

१३। प्रत्येक शाखा प्रमुख तथा वडा सचिव संग कार्यसम्पादन करार गरिनेछ।

१४। गाउँपालिका ले निर्माण गरेका ऐन, नियम,निर्देशिकाहरुलाई बिज्ञ मार्फत अध्ययन गराई आवश्यक संसोधन तथा परिमार्जन गरिनेछ।

**आदरणीय उपस्थित महानुभावहरु,**

माथि उल्लेखित विषयगत नीतिहरुको सफल कार्यान्वयन गर्न हाल सम्म प्राप्त तथ्यांक अनुसार संघीय सरकारबाट वितीय्र समानिकरण अनुदान ८ करोड ८१ लाख तथा राजश्व बाड्फाँडबाट ७ करोड ७९ लाख ६७ हजार ८ सय वहत्तर रुपैया, संघीय सरकार विशेष अनुदान ७५ लाख, त्यस्तै संघीय सरकार सर्शत अनुदान १३ करोड ९४ लाख,समपुरक अनुदान ६०लाख,घरजग्गा रजिस्ट्रेसन ( मालपोत) ८० लाख त्यस्तै प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान ६० लाख २१ हजार, सवारी साधन कर ४५ लाख २९ हजार ३६० रुपैया,शर्शत अनुदान ९५ लाख, विशेष अनुदान २५ लाख, सम्पुरक अनुदान २५ लाख, आन्तरिक आम्दानी रु १ करोड ५०, लाख र गत वर्षको अल्या रु ३ करोड गरी जम्मा कुल ३९ करोड ७० लाख १८ हजार २३२ रुपैया मात्र पेश गरेको छु ।यस बाहेक विभिन्न कार्यक्रमबाट प्राप्त हुने बजेट, अनुदान तथा अन्य आय प्राप्त भएवमोजिम निर्देशानुसार नै खर्च लेखिनेछ ।



CS CamScanner

**प्रमुख अतिथी, विशिष्ट अतिथीज्यूहरु एवं उपस्थित महानुभावहरु :**

गाउँपालिकाको सन्तुलित एवं समावेशी विकास हाम्रो चाहना पनि हो र साध्य हो । कुनै एक क्षेत्रको मात्र विकासले गाउँपालिकाको समग्र विकास हुन सक्दैन भन्ने धारणालाई आत्मसात गर्दै योजना तर्जुमा गर्दा माथीका सबै पक्षहरुलाई विशेष ध्यान दिईएको छ । जसबाट समग्र गाउँपालिकाको सर्वाङ्गिण विकासमा महत्वपूर्ण योगदान दिनेछ भन्ने कुरामा म विश्वस्त छु । योजना तर्जुमा गर्न र यस उद्देश्य प्राप्त गर्न प्रभावकारी र वैधानिक कार्यान्वयन अति महत्वपूर्ण हुन्छ तसर्थ यस दिशामा यहाँहरुको रचनात्मक, सृजनात्मक ठोस सहयोग रहने कुरामा म विश्वस्त छु ।

उपाध्यक्ष

बटेश्वर गाउँपालिका

प्रस्तुत तथा पारित मिति २०८२ साल असार १० गते मंगलवार ।